आ.व २०८२/८३

समय- ११:०० बजे

बैठक संख्या:०१

स्थान: गाउँकार्यपालिकाको कार्यालय

आज मिति २०८२ साउन ०८ गते बिहिबारको दिन यस कुम्मायक गाउँपालिकाका अध्यक्ष श्री बम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाउँकार्यपालिकाको बैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क्र सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री देवेन्द्र कुमार लावती | सदस्य | |
| ४ | श्री बालकृष्ण शेर्मा | सदस्य | |
| ५ | श्री बाबुराम कार्की | सदस्य | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | सदस्य | |
| ७ | श्री निर्मल राज घिमिरे | सदस्य | |
| ८ | श्री गंगा देवि बोहोरा | सदस्य | |
| ९ | श्री वेद माया चापागाइ | सदस्य | |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | |
| ११ | श्री धनमाया तामाङ्ग | सदस्य | |
| १२ | श्री डिक बहादुर दर्जी | सदस्य | |
| १३ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १४ | श्री जय नारायण खनाल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १५ | श्री सागर बस्तोत | प्रशासकीय अधिकृत | |
| १६ | श्री रजत बुढाथोकी | सुचना प्र. अधिकृत | |
| १७ | श्री [illegible] लिम्बु | [illegible] शाखा प्रमुख | |
| १८ | | | |

**प्रस्ताव नं १-** करारमा प्राविधिक तथा श्रेणी विहिन कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७७ संशोधन सम्बन्धमा ।

**निर्णय नं १-** प्रस्ताव नं १ माथी छलफल गर्दा कुम्मायक गाउँपालिकामा करारमा प्राविधिक तथा श्रेणी विहिन कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७७ को दफा ५ को पदपुर्ती समितिको सङ्ख्या संशोधन गरी तपशिल बमोजिमको पदपुर्ती समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी- **संयोजक**

संयोजकले तोकेको विषय विशेषज्ञ-**सदस्य**

विषयगत शाखा प्रमुख-**सदस्य**

प्रशासन प्रमुख-**सदस्य सचिव**

**प्रस्ताव नं २-** कर्मचारीको इन्धन तथा सवारी साधन मर्मत सुविधा सम्बन्धी मापदण्ड २०८२ सम्बन्धमा

**निर्णय नं २-** प्रस्ताव नं २ माथी छलफल गर्दा कुम्मायक गाउँपालिकामा कार्यरत कर्मचारीहरुको इन्धन तथा सवारी साधन मर्मत सुविधा सम्बन्धी मापदण्ड २०८२ केही संशोधन सहित स्वीकृति गरी बैठकको निर्णय पुस्तिकामा टाँस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३-** उपोभोक्ता समिति गठन तथा कार्यसम्पन्न सम्बन्धमा ।

**निर्णय नं ३-** प्रस्ताव नं ३ माथी छलफल गर्दा १८औं गाउँ सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरु उपोभोक्ता समिति मार्फत कार्य गर्दा उपोभोक्ता समिति २०८२ मंसिर मसान्त भित्र गठन गरी फाल्गुन मसान्त भित्र सम्म मात्र समझौता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४-** ठेक्का मार्फत सम्पादित आयोजना सम्बन्धमा ।

**निर्णय नं ४-** प्रस्ताव नं ४ माथी छलफल गर्दा ठेक्का मार्फत सम्पादित आयोजनाहरु २०८२ आश्विन १५ गते भित्र सम्म सम्झौता गरी २०८३ जेठ मसान्त भित्र सम्म सम्पन्न हुने गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

जयनारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

बम प्रसाद लावती
अध्यक्ष

**प्रस्ताव नं ५-** समितिहरुको सदस्यहरु हेरफेरे सम्बन्धमा ।

**निर्णय नं ५-** प्रस्ताव नं ५ माथी छलफल गर्दा यस कुम्मायक गाउँपालिकाको तपशिल समितिहरुको सदस्यहरु हेरफेर गरी तपशिल बमोजिमको सदस्यहरु कायम गर्ने निर्णय गरियो ।

तपशिलः

**(क)विधायन समिति**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री फगेन्द्र कुमार सम्बाहाम्फे (४ नं वडा अध्यक्ष) | संयोजक |
| २. | श्री देवेन्द्र कुमार लावती (१ नं वडा अध्यक्ष) | सदस्य |
| ३. | श्री वालकृष्ण शेर्मा (२ नं वडा अध्यक्ष) | सदस्य |
| ४. | श्री बाबुराम कार्की (३ नं वडा अध्यक्ष) | सदस्य |
| ५. | श्री निर्मल राज घिमिरे (५ नं वडा अध्यक्ष) | सदस्य |
| ६. | श्री वेदमाया चापागाई (कार्यपालिका सदस्य) | सदस्य |
| ७. | श्री अमर पौडेल | सदस्य |
| ८. | श्री दिलमाया नेम्बाङ | सदस्य |
| ९. | श्री भेषराज थापा (प्रा.स. शिक्षा शाखा) | सदस्य सचिव |

**(ख)भौत्तिक पूर्वाधार विकास समिति**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री बाबुराम कार्की (३ नं वडा अध्यक्ष) | संयोजक |
| २. | श्री वालकृष्ण शेर्मा (२ नं वडा अध्यक्ष) | सदस्य |
| ३. | श्री लक्ष्मी नेपाली (कार्यपालिका सदस्य) | सदस्य |
| ४. | श्री सागर बस्नेत (योजना शाखा प्रमुख) | सदस्य |
| ४. | श्री अर्पण पौठाक लिम्बु (पूर्वाधार शाखा प्रमुख) | सदस्य सचिव |

**(ग)अनुगमन तथा सुपरिवेक्षण समिति**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री महेन्द्र बहादुर खड्का (उपाध्यक्ष) | संयोजक |
| २. | श्री जय नारायण खनाल(प्र.प्र.अ.) | संयोजक |
| ३. | श्री फगेन्द्र कुमार सम्बाहाम्फे (४ नं वडा अध्यक्ष) | सदस्य |
| ४. | श्री बाबुराम कार्की (३ नं वडा अध्यक्ष) | सदस्य |
| ५. | श्री गंगा देवी बोहोरा (कार्यपालिका सदस्य) | सदस्य |

जयनारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

बम प्रसाद लावती
अध्यक्ष

| | | |
|---|---|---|
| ६. | श्री अर्पण पौठाक लिम्बु (पूर्वाधार शाखा प्रमुख) | सदस्य |
| ७. | श्री सागर बस्नेत (योजना शाखा प्रमुख) | सदस्य सचिव |

<u>प्रस्ताव नं ६-</u> अध्ययन विदा स्वीकृत सम्बन्धमा।

**निर्णय नं ६-** प्रस्ताव नं ६ माथी छलफल गर्दा Global Education Leadership विषयमा Korean National University मा Master Degree मा वैदेशिक छात्रावृतीमा यस कुम्मायक गाउँपालिकामा कार्यरत कर्मचारी श्री भेषराज थापा लाई मनोनयन गरिएकोमा निज अध्ययनको लागी छनौट भएको हुँदा कोशी प्रदेश सरकारबाट जारी स्थानीय सरकारी सेवा (गठन तथा संचालन ) ऐन २०८० को दफा १२० को उपदफा (४) बमोजिम पुरा तलब पाउँनेगरी सोही ऐनको दफा १२४ "क" बमोजिम मिति २०८२/०४/१६ गते देखि २०८३/११/१५ गते सम्म अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं ७-</u> वडा नं २ को सिचाई पोखरी निर्माण सम्बन्धमा।

**निर्णय नं ७-** प्रस्ताव नं ७ माथी छलफल गर्दा आ.व. २०८१/०८२ मा निर्माण सम्पन्न नभएको तर सानो लागत खर्च गर्दा निर्माण सम्पन्न हुने वडा नं २ को सिचाई पोखरी निर्माण आयोजनाको लागी रू. ८ लाख रकम अन्तरिक स्रोत शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं ८-</u> वडा नं १ को रोधी घर निर्माण आयोजना सम्बन्धमा।

**निर्णय नं ८-** प्रस्ताव नं ८ माथी छलफल गर्दा आ.व. २०८१/०८२ को स्वीकृत रोधी घर निर्माण आयोजना अख्तियार दुरुपयोग अनुसन्धान आयोग बाट फर्सैटबाट भई आएपछी अन्तरिक स्रोत शिर्षकबाट रू.४ लाख रकम भुक्तानि गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं ९-</u> सफाई पेश गर्ने सम्बन्धमा।

**निर्णय नं ९-** प्रस्ताव नं ९ माथी छलफल गर्दा आ.व. २०८१/०८२ मा ठेक्का मार्फत श्री श्री लक्ष्मी निर्माण सेवा सँग सम्झौता गरी गरीएका आयोजनाहरुको निर्माण कार्य सम्झौता बमोजिम समयमा सम्पन्न नगरेको हुँदा सार्वजनिक खरिद ऐन तथा नियमवाली बमोजिम निज निर्माण सेवालाई १ महिना भित्र सफाई पेशको निम्ती पत्रचार गर्ने निर्णय गरियो।

जयनारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

बम प्रसाद लावती
अध्यक्ष

कुम्मायक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पाँचथर
कोशी प्रदेश, नेपाल

**प्रस्ताव नं १०-** ट्र्याक्टर / ट्रक मार्फत ढुवानी प्रतिबन्ध गर्ने सम्बन्धमा ।

**निर्णय नं १०-** प्रस्ताव नं १० माथी छलफल गर्दा वर्षातका कारणले गाउँपालिका भित्रका सडक खण्डहरुमा अवरोध सृजना भई यातायात आवजावतमा कठिनाई हुने हुँदा अत्यावश्यक सेवा तथा [illegible]ीहरुको ढुवानी बाहेक ट्र्याक्टर/ ट्रक मार्फत ढुवानी गाउँपालिकाको परिसद भित्रका सडक खण्डमा मिति २०८२ साउन १५ देखी २०८२ भाद्र मसान्त सम्म प्रतिबन्ध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ११-** करार कर्मचारीको म्याद थप गर्ने सम्बन्धमा ।

**निर्णय नं ११-** प्रस्ताव नं ११ माथी छलफल गर्दा हाल गाउँपालिकाको कार्यलय अन्तर्गतका निकायहरुमा कार्यरत करार कर्मचारीहरुको मिति २०८२ साउन १ देखी २०८२ पौष मसान्त सम्म करार सेवा नविकरण गर्ने निर्णय गरियो ।

जयनारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

बम प्रसाद लांवती
अध्यक्ष

कर्मचारीको इन्धन तथा सवारी साधन मर्मत सुविधा सम्बन्धी मापदण्ड, २०८२

**पृष्ठभूमिः**

प्रशासनिक खर्चमा मितव्ययिताको साथै कर्मचारीहरुको मनोबल उच्च राखी सरल, सहज, र उत्कृष्ट सेवा प्रवाहलाई समेत टेवा पुग्ने गरी इन्धन तथा सवारी मर्मत सम्बन्धि मापदण्ड बनाउनु पर्ने आवश्यकता देखिएकोले कुम्मायक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ को अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले यो मापदण्ड स्वीकृत गरि जारी गरिएको छ ।

परिच्छेद- १

संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क. यो मापदण्डको नाम कर्मचारीको इन्धन तथा सवारी साधन मर्मत सुविधा सम्बन्धी मापदण्ड, २०८२ रहेको छ ।

ख. यो मापदण्ड कुम्मायक गाउँपालिकाले राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा र व्याख्याः**

क. कर्मचारी भन्नाले कुम्मायक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीलाई जनाउँछ ।

ख. कार्यालय भन्नाले कुम्मायक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

ग. अधिकार प्राप्त अधिकारी भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

परिच्छेद-२

इन्धन तथा सवारी साधन मर्मत सुविधा सम्बन्धी व्यवस्था

**३. इन्धन तथा सवारी साधन मर्मत सुविधाः**

क. कुम्मायक गाउँपालिकाको सरकारी सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयमा आउने कर्मचारीलाई अनुसूची १ बमोजिमको इन्धन तथा मर्मत सुविधा उपलब्ध हुनेछ।

ख. कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

ग. वडाका कर्मचारिले गाउँपालिका र वडाबाट दोहोरो नपर्ने गरी यस मापदंण्ड बमोजिमको सुविधा लिनुपर्नेछ ।

घ. चारपाङ्गे वा सो भन्दा ठुला सवारी साधन संचालनको लगबुक भरी तोकिएको अधिकारीले प्रमाणित गरेको हुनु पर्नेछ ।

ङ. अनुसुची-१ मा तोकिएको इन्धन सुविधा पाउने कर्मचारी १ महिना भन्दा वढि समय विदामा रहेको भए निजले सो अवधिको इन्धन सुविधा प्राप्त गर्ने छैन साथै १५ दिनभन्दा वढी १ महिना भन्दा कम विदा बसेको भए दामासाही हिसावले सो महिनाको इन्धन सुविधा प्राप्त गर्नेछ ।

च. तोकिएको कोटाको ईन्धन सुविधा प्रत्येक महिना बुझिलिनु पर्नेछ।।

छ. अतिथि शीर्षकमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउनु पर्नेछ। जस्को छुट्टै अभिलेख खाता राखि व्यवस्थापन गर्नुपर्नेछ ।

ज. इन्धन सम्बन्धी अभिलेख प्रशासन शाखाले राख्नु पर्नेछ ।

जयनारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

बम प्रसाद लावती
अध्यक्ष

झ. श्रेणिविहिन कर्मचारीले सरकारी सवारी साधन प्रयोग गरी कार्यालयको सूचना तथा चिठ्ठीपत्रको सन्देश सम्प्रेषण तथा थप कामकाजमा लगाउन परेमा निर्णय गर्ने अधिकारीले आवश्यकता अनुसार इन्धन उपलब्ध गराउन सक्नेछ।

ञ. कुपन लाई एकद्वार प्रणाली गरी कर्मचारीको हकमा अधिकार प्राप्त अधिकारीबाट मात्र जारी गरिने छ।

ट. कार्यालयले इन्धन तथा मर्मत शिर्षकमा विनियोजन गरेको रकमले उल्लेखित मापदण्ड अनुसारको इन्धन तथा मर्मत कार्य गर्दा अपुग भएमा वा बजेट कटौति भएको अवस्थामा अधिकार प्राप्त अधिकारीले उल्लेखित मापदण्ड बमोजिमको सुविधा कटौति वा स्थगित गर्न बाधा गर्ने छैन।

ठ. PAMS(Public Assets Management System) बाट मात्र इन्धन माग आवेदन फारम स्वीकृत गराई प्रयोग गर्नु पर्नेछ। इन्धन माग गर्दा सो भन्दा अगाडि स्वीकृत भएको इन्धन माग आवेदन फारमको लकबुक पेश गर्नु पर्ने छ।

ड. मापदण्ड भन्दा बढी इन्धन र सवारी साधन मर्मत आवश्यक भएमा कार्यालयको विनियोजित बजेटको सीमाभित्र रही आवश्यक पुष्ट्याईहरुका आधारमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउन सकिने छ।

ढ. कुम्मायक गाउँपालिकाको क्षेत्रभित्र रहेका नेपाल प्रहरी लगायतका अन्य निकायहरुलाई तपशिल बमोजिमको मापदण्ड अनुसार इन्धन उपलब्ध गराईनेछ।

१. इलाका प्रहरि कार्यालय, यासोक - मासिक १० लिटर

२. माङ्जाबुङ प्रहरी चौकी- मासिक १० लिटर

३. भुल्के प्रहरी चौकी- मासिक १० लिटर

ण. दफा ३ को उपदफा (ढ) मा नतोकिएको हकमा अधिकार प्राप्त अधिकारीको निर्णयानुसार उपलब्ध गराईनेछ।

## परिच्छेद ३
## संशोधन, खारेजी र बचाउ

**४. संशोधन, खारेजी र बचाउ**

क. यस मापदण्डमा भएको व्यवस्था आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

ख. यस अधि कार्यालयले उपलब्ध गराएको इन्धन तथा मर्मत खर्च समेत यसै बमोजिम भए/गरेको मानिनेछ।

जयनारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

बम प्रसाद लावती
अध्यक्ष

## अनुसूची-१

### नियम ३ को उपनियम (क) संग सम्बन्धित
### कर्मचारीहरुको लागि मासिक इन्धन तथा मर्मत सुविधा

| सि.नं. | तह/ पद / जिम्मेवारी | परिमाण (मासिक) | मर्मत खर्च (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १ | शाखा प्रमुख (अधिकृत स्तर) | पेट्रोल १० लिटर सम्म | वार्षिक १२,०००/- सम्म | |
| २ | अन्य अधिकृत स्तरका कर्मचारी | पेट्रोल ८ लिटर सम्म | वार्षिक १०,०००/- सम्म | |
| ३ | शाखा प्रमुख (अन्य) | पेट्रोल ६ लिटर सम्म | वार्षिक ८,०००/- सम्म | |
| ४ | नियमित फिल्डमा खटिने प्रविधिक कर्मचारी | पेट्रोल १२ लिटर सम्म | वार्षिक २०,०००/-सम्म | |
| ५ | वडा सचिव | पेट्रोल ५ लिटर सम्म | वार्षिक ८,०००/- सम्म | |
| ६ | सहायक स्तर अन्य कर्मचारी | पेट्रोल ५ लिटर सम्म | वार्षिक ८,०००/-सम्म | |
| ७ | कार्यालय सहयोगी तथा अन्य कर्मचारी | पेट्रोल ४ लिटर सम्म | | |

जयनारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

बम प्रसाद लावती
अध्यक्ष